# सार्वजनिक सुनुवाइ कार्यक्रमको प्रतिवेदन

## २०८० जेठ १९ गते

चौरजहारी नगरपालिका

**चौरजहारी नगरपालिका**

**रुकुम (पश्चिम)**

**२०७९/०८०**

# सार्वजनिक सुनुवाइ कार्यक्रमको प्रतिवेदन

## १. परिचय

चौरजहारी नगरपालिका कर्णाली प्रदेश अन्तर्गत रुकुम पश्चिमको दक्षिण पश्चिम भागमा अवस्थित छ। साविकका विजयश्वरी, कोटजहारी, खोलागाउँ, नुवाकोट र पुर्तिमकाडाँ गाविस (केही भाग) एकीकृत भइ स्थानीय तह कार्यान्वनयका क्रममा हालको चौरजहारी नगरपालिका बनेको हो। कुल क्षेत्रफल १०७ वर्गकिलोमिटर रहेको यस नगरपालिकाको जनसङ्ख्या २९ हजार २५५ रहेको छ। पहाडी जिल्ला रुकुम (पश्चिम) मा अवस्थित यो चौरजहारी नगरपालिका आर्थिक एवम् पूर्वाधार विकासको दृष्टिकोणले प्रशस्त सम्भावना बोकेको छ। भौगोलिक बनावट र प्राकृतिक श्रोत साधनमा निकै अगाडि छ। चौरजहारी उपत्यकाको उर्वर फाँट, स्लोट ढुङ्गे खानीहरू र जहारीखोलाको किनारमा रहेका उर्वर खेतीयोग्य जमीन यस नगरपालिकाका महत्त्वका क्षेत्रहरू हुन्। विमानस्थल समेत रहेको यस नगरपालिका मध्यपहाडी राजमार्गका १० नयाँ सहरमध्येको एक हो। यसले पनि नगरपालिकाको विकास र उमुन्नतिका लागि उचित सम्भावना बोकेको छ। सांस्कृतिक धार्मिक एवम् जातीय विविधताबिच बलियो एकता रहेको यस नगरपालिकामा धार्मिक सहिष्णुता र सामाजिक सद्भावको अनुकरणीय उदाहरणका रुपमा लिन सकिन्छ। वडा नं. २ विजयश्वरी डाँडामा नगरपालिका केन्द्र रहेको छ। भेरी नदीको किनारमा अवस्थित चौरजहारी रुकुम, सल्यान, जाजरकोट र डोल्पाको मुख्य व्यापारिक केन्द्रको रुपमा समेत चौरजहारी नगरपालिका परिचित छ। नगरपालिकाको प्राथमिकतामा शिक्षा, स्वास्थ्य, उत्पादन र रोजगारी रहेको छ। **"आत्मनिर्भर, एकतावद्ध र समृद्ध नगरको निर्माण: चौरजहारी नगरवासीको पहिचान"** भन्ने मुलनारालाई आत्मसात गर्दै चौरजहारी नगरपालिका सुशासन, विकास र समृद्धिको यात्रामा क्रियाशील छ।

सार्वजनिक निकायले गर्ने काम कारबाहीका सम्बन्धमा सार्वजनिक पदाधिकारी र सरोकारवाला निकायहरूबीच हुने प्रत्यक्ष अन्तरक्रियालाई सार्वजनिक सुनुवाइ भनिन्छ। सरोकारवाला र सार्वजनिक पदाधिकारीहरूको उपस्थितिमा सार्वजनिक स्थलमा छलफल तथा प्रश्नोत्तरको माध्यमबाट सार्वजनिक सुनुवाइ गरिन्छ। सार्वजनिक सुनुवाइलाई नागरिकको सूचनाको हकको प्रवर्द्धन गर्ने माध्यमको रूपमा लिइन्छ भने सार्वजनिक सुनुवाइले सुशासनको मान्यतालाई आत्मसात् गरेको हुन्छ।

सेवा प्रवाहको स्थितिलाई प्रभावकारी र गुणस्तरीय बनाइ सार्वजनिक पदाधिकारीहरूमा जिम्मेवार बन्ने संस्कार बसाउन तथा नागरिकको सन्तुष्टिलाई मुखरित गर्न सार्वजनिक सुनुवाइ गरिन्छ। यसबाट सार्वजनिक सेवा थप जनमुखी पारदर्शी र छिटो छरितो हुनुका साथै सरकार र

चौरजहारी नगरपालिका

नागरिकबीचको सम्बन्ध पनि बलियो बनाउने उद्देश्यले चौरजहारी नगरपालिकाले सार्वजनिक सुनाइ कार्यक्रमको आयोजना गरेको हो ।

## २. उद्देश्य

- सार्वजनिक सुनुवाइबाट जनताको सूचनाको हकको प्रवर्द्धन गर्न,
- सार्वजनिक निकायबाट हुने सेवा प्रवाहमा देखिएका समस्याको निराकरण गर्न,
- सार्वजनिक सुनुवाइबाट सेवाग्राही वा लाभग्राहीको गुनासो सुन्न र सन्तुष्टिको अवस्था पहिचान गर्नू
- सार्वजनिक निकाय र नागरिकहरूबीच दोहोरो संवाद स्थापित गर्नू
- भ्रष्ट्राचार र अनियमितता अन्त्य गर्दै पारदर्शी शासनको प्रवर्द्धनमा टेवा पुऱ्याउँउनू
- सेवाप्रदायक र सेवाग्राहीबीचको सम्बन्धलाई समुधुर बनाउनू
- समग्रमा सुशासन अभिवृद्धिमा टेवा पुऱ्याउँनू ।

चौरजहारी नगरपालिका

## ३. कार्यसम्पादन विवरण

### आर्थिक विकास

- पशुधनको रक्षाका लागि १४ हजार ४७१ पशुचौपायाहरूको मेडिकल उपचार र २७१ वा पशु चौपायाको बन्धयाकरण सेवा प्रदान गरिएको,
- नश्ल सुधारका लागि नौ वटा भैंसीमा कृत्रिम गर्भाधारण गरिएको,
- ३५ हजार ५७९ पशुचौपायहरूलाई रेविज / खोरेत / पिपिआर खोप सेवा प्रदान गरिएको,
- ७ सय हेक्टर जमीनमा लगाएको धानबालीमा लागेको धानको खपटे किरा नियन्त्रण जसबाट १ हजार ४८८ घरपरिवार लाभांवित
- आलुमा आत्मनिर्भर बनाउन कृषकहरूको मागमा आधारित भइ उन्नत जातको ३७ मेट्रिक टन आलुको बिउँ वितरण जसबाट ८८३ परिवार लाभांवित,
- गहुँ उत्पादनमा वृद्धि गर्न २४४ घरपरिवारलाई ५ मेट्रिक टन उन्नत जातको गहुँको बिउँ वितरण
- तरकारी उत्पादनलाई आधुनिकीकरण गर्न कृषकहरूलाई २८५ वटा टनेल र ६० वटा स्प्रियर वितरण,

- मकै बिउँ उत्पादनका लागि मकै बिउँ पकेट, मासुमा आत्मनिर्भताका लागि बाख्रा पकेट र प्याजको बिउँ उत्पादन कार्यक्रम सञ्चालन गरी कृषि व्यवसायको प्रवर्धन गरिएको,
- पोषणका लागि ४०० आमाहरूलाई निशुल्क च्याउको बीउँ वितरण,
- चौरजहारी नगरपालिका ३ स्यालखोलामा कृषिजन्य उपजको दीगो भण्डारणका लागि चिस्यान केन्द्र स्थापना गरिएको,
- लघु उद्यमका रुपमा सिलाइकटाइ व्यवसाय गर्न चाहने वडा नम्बर १४ का २२ जना उद्यमीहरूलाई क्षमता विकास तालिम सञ्चालन गरी प्रविधिसमेत हस्तान्तरण गरिएको,
- वडा नं. ११ मा आधारभूत तहको सिलाइकटाइ तालिम सञ्चालन भइरहेको,
- गरिवी निवारणका लागि लघु उद्यममा आवद्ध गर्न ८० जना नयाँ उद्यमी सिर्जना गरिएको,
- व्यवसायीक बाख्रापालन गर्दै आएका १० वटा समूहलाई बाख्रापालन सम्बन्धी क्षमता विकास तालिम सञ्चालन गरिएको जसबाट २ सय कृषकहरू लाभान्वित भएको,
- बाख्रापालन २० वटा समूहमा बोयर क्रस प्रजनन बोका वितरण गरिएको,
- जनताको सहजताका लागि वडा नम्बर १३ र १४ मा सञ्चालन गएको एकीकृत घुम्ती शिविरबाट १ हजार २१० वटा गाइभैसी बाख्रा तथा कुखुराको उपचार गरिएको,
- चौरजहारी नगरपालिका ६ ऐराकेमा निशुल्क पशु स्वास्थ्य शिविर सञ्चालन गरी ४२० पशुपंक्षिको उपचार गरिएको,
- महामारीका रुपमा फैलिएको लम्पीस्किन रोग नियन्त्रणका लागि वडा नं. १३ र १४ मा २९२ गाइभैंसीमा खोप लगाइएको,
- लम्पीस्किन रोग नियन्त्रणका लागि प्राविधिकहरूलाई वडास्तरमा ठोस जिम्मेवारीसहित खटाइएको जसबाट हालसम्म २ हजार २४४ गाईगोरुको उपचार गरिएको,
- चौरजहारी नगरपालिका ११ मा उद्योग्राम सञ्चालनका लागि रु. ३ करोड बजेट प्राप्त भइ कार्यान्वयनको प्रक्रियामा रहेको,
- सहकारी संस्थाहरूको डिजिटलाइजेसन गर्ने कार्यको सुरुवात गरिएको,
- एक वटा सहकारी दर्ता हुनुका साथै आठ वटा सहकारी नवीकरण, १५ वटा व्यवसायिक फर्म दर्ता, नौ वटा फर्म नवीकरण र १३ वटा समूहको नवीकरण गरिएको,
- सहकारी संस्थाका पदाधिकारीहरूलाई क्षमता विकास तालिम सञ्चालन गरिएको,

चौरजहारी नगरपालिका

- उपभोक्ताको अधिकारलाई सुनिश्चित गर्न २६८ वटा पसलहरूको अनुगमन गरिएको जसमा म्यादगुज्रेका ११ हजार ४३५ मूल्य बराबरको सामान बरामद गरिएको,
- नियमानुसार दर्ता तथा नवीकरण प्रकिया पूरा नगरेर सञ्चालन भएका विभिन्न पसलहरूबाट २ लाख ३३ हजार २९० रुपैयाँ राजश्व सङ्कलन गरिएको,
- मालिकालाई आकर्षक पर्यटकीय गणतव्यका रुपमा विकास गर्न सुरु गरिएको मलिका पर्यटन पूर्वाधारको कामलाई अन्तिम चरणमा पुर्‍याइएको,
- रिम्नादेखि बाँसखोलासम्म र्‍याफटिङको सफलतापूर्वक परीक्षण गरिएको,
- ग्याराग्लाइडिङ्को परीक्षण सफलतापूर्वक सम्पन्न गरिएको,
- चौरजहारी नगरपालिका ६ स्थित चमेरेगुफाको पूर्वाधार निर्माणको लागि थप बजेट प्राप्त भइ कार्य प्रारम्भ भएको,
- स्वच्छ पर्यावरण तथा पर्यटन प्रवर्धनका लागि नगर कार्यपालिकाको कार्यालय परिसरमा उद्यान निर्माण गरिएको,

चौरजहारी नगरपालिका

## ४. सामाजिक विकास

### (क) शिक्षा

- विभिन्न माध्यमिक र आधारभूत तहका विद्यालयहरूमा छ वटा ICT ल्याव स्थापना गरिएको,
- KISK EQUP सँगको साझेदारीमा आधारभूत विद्यालय लहरेसिमल र आधारभूत विद्यालय विजयश्वरीमा २०/२० वटा कम्प्युटर भएको सुविधासम्पन्न आधुनिक कम्प्युटर ल्याव स्थापना गरिएको,
- शिक्षकको कार्यालय उपस्थिति दरमा वृद्धि तथा समयको पूर्णपालनाका लागि E-हाजिरीको जडान गर्नुका साथै सोको दैनिक निगरानी पालिकाले समेत हुने व्यवस्था मिलाइएको,
- सात वटा विद्यालयमा २६ वटा पक्की कक्षाकोठा निर्माण गरिएको,
- माध्यमिक विद्यालय कोटजहारीमा पुस्तकालय स्थापनाको काम अघि बढाइएको,
- प्रारम्भिक बालविकासदेखि कक्षा ५ सम्म अध्ययनरत बालबालिकाहरूलाई नि:शुल्क अभ्यासपुस्तिका र विद्यालय पोसाक प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता

दिइ यस वर्ष ५ हजार ३८५ जनालाई अभ्यासपुस्तिका र विद्यालय पोसाक प्रदान गरिएको,

- नगरपालिकाको शैक्षिक अवस्था पहिचान र सुधारका लागि सुझाव पेसका लागि शैक्षिक सुधार कार्यदल गठन गरी प्रतिवेदन प्राप्त भइ कार्यान्वनयमा ल्याइएको,
- शैक्षिक सत्र २०८० लाई शैक्षिक उपलब्धी सुधार वर्षको रुपमा लिन सरोकारवालाहरूसँगको व्यापक सहभागितामा  शैक्षिक उपलब्धी सुधार योजना निर्माण गरी कार्यान्वयनमा लिइएको,
- प्रधानाध्यापक र विद्यालय सहायकहरूका लागि क्षमता विकास तथा लेखा व्यवस्थापन सम्बन्धी तालिम सञ्चालन गरिएको,
- शिक्षक पेसागत सहयोगका लागि विज्ञ समूह गठन गरी परिचालन गरिएको,
- कक्षा ८ सम्म 'हाम्रो चौरजहारी' स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याइएको,
- मासिक, त्रैमासिक र वार्षिक शैक्षिक क्रियाकलापहरूमा एकरुपता कायम गर्न चौरजहारी नगरपालिकाको शैक्षिक क्यालेन्डर २०८० निर्माण गरी कार्यान्वयनमा ल्याइएको,
- विद्यार्थीहरूको प्रतिभा प्रष्फुटनको अवसरका लागि विभिन्न दिवसको अवसरमा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नुका साथै खेलकुद प्रतिभाको विकासका लागि नगर प्रमुख कप प्रतियोगिता सञ्चालन गरिएको,
- आधारभूत तह उत्तीर्ण परीक्षालाई मर्यादित र व्यवस्थित रुपमा सञ्चालन गर्न आठ वटा परीक्षा केन्द्र तोकी फरक विद्यालयबाट केन्द्राध्यक्ष र निरीक्षक खटाइ शैक्षिक अवस्थाको यथार्थ पहिचान गरी गुणस्तर प्रवर्धनका लागि आधार तय गरिएको,

चौरजहारी नगरपालिका

**(ख) <u>स्वास्थ्य</u>**

- आर्थिक अवस्था कमजोर भएका विपन्न नागरिकहरूलाई स्वास्थ्य बिमा कार्यक्रममा आवद्ध गर्न १ हजार २८४ घर परिवारलाई निशुल्क स्वास्थ्य बिमा कार्यक्रममा आवद्ध गरी प्रति सदस्य १ लाखसम्म उपचार गर्न पाउने व्यवस्था मिलाइएको,
- सुत्केरी महिलाहरूलाई नि:शुल्क एम्बुलेन्स सेवा प्रदान गरिएको,

- बिरामीहरूलाई अस्पतालसम्म पुऱ्याउन चार वटा एम्बुलेन्स सञ्चालन भइरहेको
- चौरजहारी नगरपालिका ९ मा १५ शैया अस्पतालको निर्माण कार्य भइरहेको,
- कोभिड १९ रोकथाम तथा नियन्त्रणका लागि विभिन्न उमेर समूहका ९ हजार ५ सय जनालाई खोप लगाइएको,
- स्वास्थ्य संस्थामार्फत् सेवा प्रवाहमा चौरजहारी नगरपालिका जिल्लाको उत्कृष्ट स्थानीय तहका रुपमा सम्मानित भएको,
- स्वास्थ्य संस्थाहरूबीच सेवा प्रवाहको अवस्था पहिचान र प्रतिस्पर्धात्मक भावनाको विकास गर्न उत्कृष्ट स्वास्थ्य संस्थालाई पुरस्कृत गरिएको,
- मृगौला प्रत्यारोपण गरेका, डायलासिस गराइरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका २६ जना बिरामीहरुलाई औषधी उपचार खर्च उपलब्ध गराउन प्रतिव्यक्ति मासिक रुपमा ५ हजारका दरले उपचार खर्च प्रदान गर्ने गरिएको,
- अप्रेसन गर्नुपर्ने बिरामीहरूका लागि रगतको सहज आपूर्ति गर्न चौरजहारी अस्पतालसँगको सहकार्यमा रक्त समूह पहिचान गरी अभिलेखीकरण गरिएको,
- चौरजहारी अस्पतालमा रगत आवश्यक पर्ने बिरामीहरूका लागि ब्लड बैङ्क स्थापनाको कार्य अन्तिम चरणमा पुगेको,
- चौरजहारी नगरपालिकाको स्वास्थ्य सम्बन्धी वस्तुगत विवरण तयार गरिएको,
- चौरजहारी नगरपालिकाको स्वास्थ्य संस्था अनुगमन, मूल्याङ्कन तथा सुपरीवेक्षण निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याइएको,
- चौरजहारी नगरपालिकाको स्वास्थ्य सङ्कट एवम् विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना स्वीकृत गरी कार्यान्वनयमा ल्याइएको,
- आँखा र कान सम्बन्धी समस्या भएका बिरामीहरूलाई स्वास्थ्य शिविर सञ्चालन गरी नि:शुल्क उपचार, शल्यक्रिया तथा स्वास्थ्य सामग्री प्रदान गरिएको,
- कान उपचार शिविरबाट ६३५ जनाको चेकजाँच गरी ८४ जनालाई श्रवणयन्त्र प्रदान गर्नुका साथै ५९ जनालाई अप्रेशनका लागि छनोट गरिएको,
- गर्भवती महिलाहरूलाई लक्षित गरी समुदायस्तरमा पुगेर भिडियो एक्सरे सेवा प्रदान गरिएको,
- चौरजहारीमा मेडिकल स्थापनाको लागि सम्बन्धित निकाय समक्ष पहल गरिएको,

चौरजहारी नगरपालिका

- मातृ तथा नवजात शिशु कार्यक्रम अन्तर्गत सुत्केरी भएका १३६ जना महिलाहरूलाई घरमै गएर सेवा प्रदान गरिएको,
- स्वास्थ्यकर्मीहरूका लागि विभिन्न विषयमा क्षमता विकास तालिम सञ्चालन गरिएको,
- महिला स्वास्थ्य स्वयंसेवीकाहरूलाई सम्मान तथा क्षमता विकास तालिम सञ्चालन गरिएको,
- आमा समूहमा महिला स्वास्थ्य स्वयंसेवीका र स्वास्थ्यकर्मीहरूबाट सरसफाइ, स्वस्थ खान, सुरक्षित पानी, स्वस्थ जीवनशैली, मध्यपान धुम्रपान नगर्ने, सरुवा तथा नसर्ने रोगलगायतका बिषयमा परामर्श प्रदान गरिएको,
- स्वास्थ्य संस्था, वर्थिङ सेन्टरहरूमा स्वास्थ्य सेवा प्रवाहको अवस्था अनुगमन गरी सरोकारावालासँग अन्तिरक्रिया गरिएको,
- किशोरकिशोरी लक्षित विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम अन्तर्गत विद्यालय स्वास्थ्य शिक्षा सञ्चालन गरी १ हजार ५४३ जना किशोरकिशोरीहरूलाई व्यक्तिगत सरसफाइ, प्रजनन स्वास्थ्य, सरुवा रोगलगायतका विषयमा अभिमुखीकरण गरिएको,
- १० देखि १९ वर्षका १ हजार ९३५ जना किशोरीहरूलाई रक्त अल्पताबाट जोगाउन आइरन चक्की खुवाउने व्यवस्था मिलाइएको,
- रोग प्रतिरोधात्मक क्षमता विकासका लागि ३ हजार ८४० बालबालिकाहरूलाई भिटामीन ए र ३ हजार ३९७ जनालाई जुकाको औषधी खुवाइएको,
- विपिन्न नागरिक औषधी उपचार सहायतका लागि १४ जनालाई सिफारिस गरिएको,
- सर्ने, नसर्ने तथा किटन्य रोगहरू नियन्त्रणका लागि सरोकारवालासँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरी निरोधात्मक उपायहरूलाई प्रवर्धन गरिएको,
- स्वास्थ्य सम्बन्धी विभिन्न राष्ट्रिय र अन्तराष्ट्रिय दिवसहरू मनाइ स्वास्थ्यप्रतिको जिम्मेवारीलाई आत्मसात गर्न प्रेरित गरिएको।
- मनोसामाजिक परामर्श सेवाका लागि १९२ जना पहिचान गरी ५७ जनालाई परामर्शसेवा प्रदान गरिएको
- मनोपरार्श अन्तर्गत १० जनालाई औषधी उपचार र ५ जनालाई रिफर गरिएको।

## (ग) खानेपानी तथा सरसफाइ

- मासिक रुपमा पाँच युनिटभन्दा कम पानी प्रयोग गर्ने घरपरिवारलाई निशुल्क उपभोगका लागि विजयश्वरी चौरजहारी सुख्खा खानेपानी संस्थासँगको साझेदारीमा अनुदानको व्यवस्था मिलाइएको,
- मनकोट टाकुरा खानेपानी आयोजना अगाडि बढाइएको छ,
- वडा नं. ११ मा चैते करेलीखोला टाटाबजार चौके खानेपानी आयोजनाको निर्माण कार्य सम्पन्न भएको,
- चौरजहारी नगरपालिका वडा नं. ३ मा डम्पिङसाइड निर्माणको काम अगाडि बढाइएको,
- वडा नं. ६-९ सम्म एक घर एक धाराको अभियानलाई पूर्ण बनाउन भेरीमालिका लिफ्ट खानेपानी आयोजना सञ्चालनको काम अघि बढाइएको,
- चौरजहारी ५ मा खानेपानी योजनाको काम अन्तिम चरणमा पुगेको,
- चौरजहारी नगरपालिकाको सरसफाइ योजना (Wash Plan) तयार गरिएको।

चौरजहारी नगरपालिका

## (घ) संस्कृति प्रवर्धन

- परम्परागत मौलिक नाचहरूको संरक्षणका लागि २२ जनालाई मयुर, पैसेरी, सिगारु लगायतका नाचहरूका साथै गीत र वाद्यवादन तालिम सञ्चालन गरिएको
- सामाजिक न्याय र समानताका लागि अन्तरजातीय विवाह गर्ने जोडीहरूलाई सम्मान र प्रोत्साहन स्वरुप रु. १ लाख प्रदान गरिएको
- विभिन्न चाडपर्व तथा मेलाहरू संरक्षणका लागि प्रोत्साहन गरिएको
- वडा नं. ६ ऐराकेमा मौलिक कला संस्कृति संरक्षणका लागि संस्कृतिक सम्मेलनको आयोजना गरिएको
- विभिन्न दिवसहरूको अवसरमा शुभकामना आदानप्रदान कार्यक्रम सञ्चालन गर्ने गरिएको आदि।

## (ङ) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

- प्रत्येक महिनाको ६ गते अपाङ्गता भएका परिचयपत्र वितरण कार्यक्रम सञ्चालन गरी ५३ जनालाई अपाङ्गता परिचय प्रदान गरिएको,
- जेष्ठ नागरिकहरू १४६ जनालाई जेष्ठ नागरिक परिचयपत्र प्रदान गरिएको,
- सबै वडाहरूमा बालक्लव गठन गरी ४२० जनालाई क्लवमा आवद्ध गरिएको,
- जेष्ठ नागरिक ५१० जनालाई न्यानो कपडा प्रदान गरी सम्मान गरिएको,
- १-५ नम्बर वडाका १०६ जना अपाङ्गता भएका व्यक्तिहरूको अवस्था अपेक्षा विश्लेषण गरिएको,
- १८ वर्षमुनिका शारीरिक अपाङ्गता भएका बालबालिकाहरूको स्वास्थ्य परीक्षण तथा अपाङ्गता पहिचान घुम्ती शिविर सञ्चालन गरिएको जसबाट ७० जनाले लाभांवित भएको,
- न्याय र समानताका लागि अन्तरजातिय विविह गर्ने जोडीलाई सम्मान र प्रोत्साहन स्वरुप रु. १ लाख रकम प्रदान गरिएको,
- दुई जना बालबालिकाहरूलाई अपाङ्ग बाल अस्पतालमा उपचारका लागि पठाइएको,
- बैङ्क खाता छोरीको सुरक्षा जीवन भरीको कार्यक्रममा १६९ जना छोरीहरूलाई आवद्ध गरिएको,
- विद्यालयस्तरमा बालविवाह, बालहिंसा, बालश्रम सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरी ७ सय जनाले लाभ प्राप्त गरेको,
- बालश्रममुक्त नगरपालिका घोषणका लागि घरधुरी सर्वेक्षण गरिएको

## ५. पूर्वाधार विकास

- ५ लाख भन्दा माथिका ५० लाखसम्मका योजनाहरू १५ वटा, ५० लाखदेखि १ करोडसम्मका योजना ५ वटा, १ करोडभन्दा भन्दा माथिका योजनाहरू ४ वटा सञ्चालन गरिएको,
- वर्षामा जहारीखोला वारपारको सहजताका लागि ऐराके - लहरेसिमल जोड्ने झोलुङ्गे पुल निर्माण सम्झौता भइ कार्य प्रारम्भ गरिएको,
- वर्षातका कारण भत्किएका चौरजहारी नगरपालिका क्षेत्रभित्रका सडकहरूको मर्मतगरी सञ्चालनमा ल्याइएको,
- चौरजहारी नगरपालिका वडा नम्बर २ र ३ का तीन स्थानमा हाइमास्क बत्ति सञ्चालनमा ल्याइएको,
- विद्युत लाइन विस्तार हुन बाँकी वडा नम्बर ६, १३ र १४ मा केन्द्रीय विद्युत प्रसारण लाइन जडानका लागि पहल गरी विद्युतीकरणलाई तीव्रता दिइएको,
- विभिन्न इन्टरनेट प्रदायक संस्थाहरूसँग पहल गरी तारयुक्त इन्टरनेट सेवा विस्तार गरिएको,
- चौरजहारी नगरपालिका वडा नं. २ मा कर्णाली प्रदेशस्तरीय फुटबल रङ्गशाला र नगर कार्यपालिकाको कार्यालय नजिक सभाहल निर्माणका लागि जग्गा प्राप्तिका लागि नेपाल सरकार मन्त्रिपरिषदबाट सैद्धान्तिक सहमति प्राप्त भइ मुआब्जा वितरणको काम अन्तिम चरणमा रहेको,
- सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ बमोजिम कर्णाली प्रदेशस्तरीय फुटबल रङ्गशाला निर्माणका लागि विभिन्न तीन वटा सरकारी निकायका नाममा रहेको जग्गा उपयोगको प्रक्रिया अन्तिम चरणमा रहेको,
- नगर विकास समिति गठन गरी चौरजहारी नगरपालिका वडा नम्बर १ र ३ मा ल्याण्ड पुलिङ्को काम अगाडि बढेको,
- यात्रुहरूको सहजताका लागि पाँच वटा नगर बस सञ्चालन भएको कार्यलाई निरन्तरता दिइएको
- सङ्घ सरकारसँगको पहलमा चौरजहारी नगरपालिका वडा नम्बर ३ मा ५० शैयाको अस्पताल निर्माणको काम सुरु भएको
- अन्य निकायसँग नगरपालिकाको पहलमा पाँच वटा पार्क, १४ वटा सिंचाइ कुलो र ४ वटा खानेपानी योजनाहरू सञ्चालन गरिएको

चौरजहारी नगरपालिका

- अन्य निकायसँगको पहलमा शान्ति बजार देखि चौफा बजार, नुवाकोट देखि झाँपे, कटुजेखोलादेखि – न्याउलीबजार, खहरे – लहरेसिमल हुँदै मानाकोट र चौरजहारी भ्यालीभित्र गरी ३६ किलोमिटर सडक कालोपत्रे तथा स्तरोन्ती गर्ने कामको सुरुवात भएको
- चौरजहारी नगरपालिका ११ मा व्यस्थित वसपार्क बनाउने कार्यको सुरुवात भएको।

## ६. वन वातावरण तथा विपद् व्यवस्थापन

- १९ वटा घर पुन: निर्माणका लागि दोस्रो किस्तासम्म २ लाख ८० हजारका दरले रकम प्रदान गरिएको
- पुन: निर्माणका लागि १४ घरपरिवारले पहिलो किस्ताको ३५ हजारका दरले रकम प्रदान गरिएको
- प्राकृतिक प्रकोपबाट प्रभावित ७३ परिवारको लगत सङ्कलन गरी राहतका लागि प्रक्रिया अगाडि बढाइएको,
- सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वियनका लागि १ करोड १५ लाख बजेट प्राप्त भइ २३० घरपरिवारलाई सुरक्षित नागरिक आवास कार्यक्रममा आवद्ध गरिएको,
- विपद प्रतिकार्य योजना तयार गरिएको,
- मनसुनजन्य विपदबाट क्षति भएका घरहरूको पुर्ननिर्माणका लागि
- नगर र सबै वडा स्तरीय विपद समितिमा उद्धारका सामग्रीहरू प्रदान गरिएको।

चौरजहारी नगरपालिका

## ७. सुशासन तथा संस्थागत विकास

- नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालयहरू सबैमा विद्युतीय हाजिरी जडान र सोको दैनिक निगरानी नगर कार्यपालिकाको कार्यालयबाट हुने व्यवस्था मिलाइ समयपालना तथा शिक्षक कर्मचारी उपस्थिति दरमा बढोत्तरी भएको,
- सेवाग्राहीहरूको सहजताको लागि वडा नम्बर १३ र १४ मा गइ योजना सम्झौता र एकीकृत घुम्ती सेवा सञ्चालन गरिएको।
- सबै वडा कार्यालयहरूमा गइ बैङ्क मार्फत् सामाजिक सुरक्षा भत्ता प्रदान गर्ने व्यवस्था मिलाइएको,
- नगर प्रमुखले प्रमुख प्रशासकीय अधिकृत र प्रमुख प्रशासकीय अधिकृतले शाखा प्रमुखसँग कार्यसम्पादन करार सम्झौता गरी कार्यसम्पादनमा जवाफदेहिता बनाइएको,

- सेवाग्राहीहरूलाई सम्बन्धित शाखा र जिम्मेवार व्यक्तिसँगको सहज सम्पर्कको लागि नगर कार्यपालिकाको कार्यालयमा हेल्प डेस्कको स्थापना गरिएको,
- सेवा प्राप्तिको सन्तुष्टि परीक्षण र सुधारका लागि सेवाग्राही सन्तुष्टि सर्वेक्षण फारम भर्ने व्यवस्था मिलाइएको,
- स्थानीय तह संस्थागत क्षमता स्व:मूल्याङ्कन (LISA) मा ८७.२५ र स्थानीय तह वित्तीय जोखिम सुशासन मूल्याङ्कन (FRA) मा ७५.४७ अङ्क प्राप्त गरी चौरजहारी नगरपालिका रुकुम (पश्चिम) मा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने स्थानीयत तह बन्न सफल भएको,
- गुनासो सुन्ने अधिकारी र सूचना अधिकारीको जिम्मेवारी तोकिएको,
- चौमासिक रुपमा सार्वजनिक सुनुवाइ कार्यक्रम आयोजना गरिएको,
- एम्बुलेन्स सेवा, विपद् लगायतका अन्य अति आवश्यकीय सेवाका लागि चौबिसै घण्टा खुला र सहज प्रतिक्रिया प्राप्त हुनसक्ने गरी ९८५८०६७२११ नम्बरको कल सेन्टर स्थापना गरिएको,
- सेवाग्राहीको सहजताका लागि नि:शुल्क फोटोकपी सेवाको व्यवस्था मिलाइएको,
- नगरपालिकाबाट सम्पादित कार्यहरू सूचना, प्रगति प्रतिवेदन, निर्णय, वार्षिक बजेट तथा कार्यक्रम, नगरपालिकाको चिनारी लगायतका सामग्रीहरू वेवसाइटमा राखि पारदर्शितामा जोड दिइएको,
- सेवा प्रवाहलाई सहज बनाउन वडा नं. ७ र ११ मा वडा कार्यालय भवन निर्माण कार्यलाई तिव्रता दिइएको,
- राजश्व सङ्कलन, सार्वजनिक सम्पत्तिको सुरक्षा लगायतका काममा २५ जना नगर प्रहरीलाई परिचालन गरिएको,
- नगर कार्यपालिकाको कार्यालयमा डिजिटल बोर्डमार्फत् सूचना तथा सचेतनामूलक सामग्री हेर्न सकिने व्यवस्था मिलाइएको,
- आर्थिक कारोबारमा सूत्रप्रणाली र E-Payment लाई पूर्ण रुपमा कार्यान्वयनमा ल्याइएको,
- कार्यक्रम कार्यान्वयन योजना बनाइ चालु आर्थिक वर्षका योजनाहरू कार्यान्वयन गरिएको,
- कार्यक्रम कार्यान्वनयका लागि आवश्यक विभिन्न १० वटा कानुनहरू निर्माण गरी कार्यान्वयनमा ल्याइएको,

चौरजहारी नगरपालिका

- सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) लागू गरी अभिलेख व्यवस्थित गरिएको,
- कर्मचारी, प्रधानाध्यापक र स्वास्थ्य संस्था प्रमुखहरूको नियमित कर्मचारी बैठक बसी छलफल गर्ने गरिएको,
- अनुदानको कार्यान्वनयको अवस्था र सुझावका लागि प्रतिवेदन पेस गर्न सुझाव समिति गठन गरिएको,
- नागरिकहरूको सहजताका लागि चौरजहारी मुसीकोट नगर बस सेवा विस्तार गरिएको,
- नगर कार्यपालिकाको कार्यालय र मुख्य बजार क्षेत्रमा सिसि क्यामेरा जडान गरिएको ।

## ८. रोजगार सेवा केन्द्र

- आर्थिक वर्ष २०७९/०८० मा ५ हजार ४१० जना बेरोजगार सूचीमा सूचीकृत भएको,
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत २८० जनालाई रोजगारीको लक्ष्य लिएकोमा २४६ जनाले रोजगारी प्राप्त गरेका छन् भने हाल ३४ जना रोजगारमा संलग्न रहेको
- युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना IDA कार्यक्रमबाट २२ जनालाई रोजगारीको लक्ष्य राखिएकोमा २२ जनाले नै रोजगारी प्राप्त गरिसकेको,
- मुख्यमन्त्री रोजगार कार्यक्रमअन्तर्गत २०० जनालाई रोजगारीको लक्ष्य राखिएकोमा १३४ जनाले रोजगारी प्राप्त गरिसकेका छन् भने ६६ जना रोजगारीमा संलग्न रहेको ।

चौरजहारी नगरपालिका

**प्रधानमन्त्री रोजगार कार्यक्रम र मुख्यमन्त्री रोजगार कार्यक्रमको योजनागत विवरण**

| क्र स | आयोजनाको प्रकृति | प्रधानमन्त्री रोजगार कार्यक्रम | मुख्यमन्त्री रोजगार कार्यक्रम | जम्मा |
|---|---|---|---|---|
| १ | सिंचाइ कुलो | १४ | ६ | २१ |
| २ | सिंचाइ पोखरी | ३ | २ | ५ |
| ३ | विद्यालय भवन निर्माण | ० | १ | १ |
| ४ | सडक | ४ | २ | ६ |
| ५ | खानेपानी | २ | २ | ४ |
| ६ | पदमार्ग | ४ | १ | ५ |
| ७ | फिल्ड र पर्खाल | ३ | ० | ३ |
| ८ | प्रतिक्षालय | १ | ० | १ |
| | शौचालय | १ | ० | १ |
| **जम्मा** | | ३२ | १४ | ४६ |

## ९. न्यायीक समिति

- यस चौरजहारी नगरपालिका न्यायीक समितिको कार्यालयबाट क्षेत्राधिकार भित्रका विवाद शीघ्र समाधानको प्रयास गरिएको
- विभिन्न प्रकृतिका ४४ वटा विवादको उजुरी दर्ता भएकोमा ८ वटाको मेलमिलाप गराइएको २६ वटा विवाद प्रक्रियामा रहेको ।

### आन्तरिक राजश्वको अवस्था

| वडा | वार्षिक लक्ष्य | हालसम्मको प्रगति | प्रगति प्रतिशत |
|---|---|---|---|
| १ | १४ लाख २ हजार | ११ लाख २४ हजार | ८० % |
| २ | १० लाख १७ हजार | ६ लाख | ५८.८९ % |
| ३ | ८ लाख २९ हजार | ७ लाख ४९ हजार | ९० % |
| ४ | ४ लाख ७५ हजार | ३ लाख ४० हजार | ७१.४५ % |
| ५ | ३ लाख ३४ हजार | ४ लाख ३९ हजार | १३१ % |
| ६ | २ लाख ६४ हजार | ३ लाख ३८ हजार | १२७.८० % |
| ७ | ३ लाख ८८ हजार | २ लाख ८२ हजार | ७२.७७ % |
| ८ | ८ लाख ८५ हजार | ६ लाख २८ हजार | ७१ % |
| ९ | ९ लाख ३७ हजार | ६ लाख ५० हजार | ६९.३८ % |
| १० | ३ लाख २४ हजार | २ लाख ८८ हजार | ८८.७२ % |
| ११ | ३ लाख ८८ हजार | ४ लाख १५ हजार | १०७ % |
| १२ | ३ लाख ३० हजार | १ लाख ८१ हजार | ५४ % |
| १३ | २ लाख ९० हजार | २ लाख ९२ हजार | १००.६८ % |
| १४ | ५ लाख ४४ हजार | ४ लाख ६७ हजार | ८५.७५ % |
| नगरपालिका कार्यालय | १ करोड ६१ लाख | १ करोड ४३ लाख | ८८.५५ % |
| जम्मा | २ करोड ४६ लाख | २ करोड ११ लाख | ८५.७७ % |

### आम्दानी र खर्चको विवरण

| क्र.स. | समग्र आय अनुमान | वास्तविक आय | प्रतिशत |
|---|---|---|---|
| १ | ८३करोड ५३ लाख १ हजार | ६६ करोड २५लाख ९९ हजार | ७९.३२ % |

## आयव्यय

| शीर्षक | प्रस्तावित आय | वास्तविक आम्दानी | वास्तविक प्रतिशत |
|---|---|---|---|
| संघ सरकार | ४६ करोड ८५ लाख ५३ हजार | ४३ करोड ९८ लाख ६५ हजार | ७०.४८ |
| प्रदेश सरकार | ७ करोड १९ लाख ४९ हजार | ५ करोड १ लाख ७८ हजार | ६९.७३ |
| राजश्व बाँडफाँड | १० करोड ६६ लाख ४ हजार | ४करोड ७० लाख ६१ हजार | ४४.१४ |
| आन्तरिक स्रोत | २ करोड २२ लाख | १ करोड ८१ लाख ३ हजार | ८१.५४ |
| गत आ.व. को बैंक मौज्दात | १ करोड ७० लाख | १ करोड ७० लाख | १०० |
| सामाजिक सुरक्षा | ९ करोड ८९ लाख ९५ हजार | ८ करोड ३२ लाख १४ हजार | ८४ |
| कर्णाली समृद्धि | ५ करोड | ७१ लाख ७८ हजार | १४.३५ |
| जम्मा | ८३ करोड ५३ लाख १ हजार | ६६ करोड २५ लाख ९९ हजार | ७९.३२ |

## खर्च विवरण चालु र पुँजीगत

| शीर्षक | विनियोजन | खर्च | वास्तविक प्रतिशत |
|---|---|---|---|
| चालु | ३८ करोड ५ लाख ५ हजार | २८ करोड ५ लाख ८५ हजार | ७२.७६ |
| पुँजीगत | ३० करोड ७ लाख १४ हजार | १५ करोड ८७ लाख ४ हजार | ५२.७९ |
| सामाजिक सुरक्षा | ९ करोड ८९ लाख ९५ हजार | ८ करोड ३२ लाख १४ हजार | ८४ |
| कर्णाली समृद्धि | ५ करोड | ७१ लाख ७८ हजार | १४.३५ |
| जम्मा | ८४ करोड १३ लाख १४ हजार | ५२ करोड ९६ लाख ८१ हजार | ६३ |

**चुनौतीहरू**

- कानुन पालना
- आवश्यकता असीमित तर साधनस्रोत सीमित बिच तालमेल
- बढ्दो आयात र घट्दो निर्यातमा सन्तुलन
- वितरणमुखी कार्यक्रम बढ्दो
- चालु र पुँजीगत खर्चको सन्तुलन कायम
- अनुदानका कार्यक्रमको उपलब्धिमूलकता
- कार्यक्रम कार्यान्वयनमा गुणस्तर कायम
- राजश्व बाँडफाँड र आन्तरिक स्रोतको रकमबाट हुने कार्यक्रम कार्यान्वयन
- करार कर्मचारीको तलब र जनप्रतिनिधिहरूको सुविधा आन्तरिक स्रोतबाट मात्रै व्यवस्थापन
- पर्याप्त दक्ष जनशक्तिको उपलब्धता
- छरिएका बस्तीमा पूर्वाधारको पहुँच
- बालविवाह, लैङ्गिक तथा घरेलुहिंसाको निर्मूल
- सामाजिक सांस्कृतिक विकृति तथा विसङ्गतिका अवशेषको अन्त्य
- अपेक्षाकृत शैक्षिक गुणस्तर कायम
- व्यवसायीक सोचको विकास र कार्यान्वयन
- सकरात्मक सोचको विकास
- वैदेशिक रोजगारीमा निरुत्साहित र स्वरोजगारी सिर्जना ।

चौरजहारी नगरपालिका

**<u>सम्भावनाहरू</u>**

- संविधानले प्रदान गरेका विभिन्न २२ वटा एकल अधिकारहरुको कार्यान्वयन
- प्रदेश र संघीय सरकारसँगको बलियो सहकार्यको अवसर
- पूर्वाधार विकासका लागि तुलनात्मक रुपमा भौगोलिक सुगमता
- मध्यपहाडी राजमार्गमा पर्ने १० सहर मध्ये एक सहर चौरजहारी एक
- मेलैनाउली, नार्जी, चौफा लगायतका ठाउँहरूमा तीव्र बजारीकरण
- राजनैतिक तथा सामाजिक चेतनास्तर तुलनात्मका रुपमा उठनु
- पर्यटन प्रवद्र्धन तथा मध्यपहाडी राजमार्गको मिलन केन्द्र
- जलविद्युत तथा सिंचाइका लागि भेरी नदी र जहारीखोला
- कृषियोग्य उर्वर माटो, वन तथा उचित चरण क्षेत्र,
- चौरजहारी डोल्पा हुदै तिब्बत जोडने सडक सञ्जालको सम्भावना
- विभिन्न जडीबुटी तथा प्रशोधन केन्द्र स्थापनाको सम्भावना
- बिउँ प्रशोधन, दाना, कापी, गार्मेन्ट, कपास, जुस लगायतका उद्योग सञ्चालनको सम्भावना
- चौरजहारी विमानस्थललाई क्षेत्रीय विमानस्थलका रुपमा विस्तार
- खागल मालिका लगायतका अग्ला डाँडाहरुमा प्याराग्लाइडिङ र केबुलकार सञ्चाल
- पर्टनका लागि भेरी नदीमा र्‍याप्टिङ
- जहारीखोला र भेरी नदी आसपासका वस्तीहरूमा मत्स्यपालन व्यवसाय सञ्चालन आदि।

चौरजहारी नगरपालिका

## ४. जिज्ञासा र जवाफ

| क्र.स. | प्रश्नकर्ता | ठेगाना | प्रश्न | जवाफ कर्ता | जवाफ |
|---|---|---|---|---|---|
| १ | लालबहादुर ओली | चौरजहारी नगरपालिका ११ | चौफा बजारको बाटो पिच गर्न किन चौडा बनाउन सकिएन ? | नगर प्रमुख | स्थानीय वासीको अवरोधले यो अवस्था सृजना भएको। सूचना दिइ प्रक्रिया पूरा गरेर बाटो खुलाइने |
| २ | डिल्लीराज शर्मा | चौरजारी नगरपालिका ५ | योजना निर्माणमा गुणस्तरका कायम गर्न नगरपालिकाले के गरेको छ ? | नगर प्रमुख | अनुगमन प्रभावकारी बनाइनेछ । उपभोक्ता सचेत र नागरिक खबरदारी पनि आवश्यक छ। |
| ३ | वीरवहादुर ओली | चौरजहारी नगरपालिका ११ | अनुदान प्रतिफलमुखी किन भएन ? | नगर प्रमुख | उत्पादनमा आधारित प्रोत्साहनको कार्यक्रम सञ्चालन गर्छौं। |

चौरजहारी नगरपालिका

| क्र.स. | प्रश्नकर्ता | ठेगाना | प्रश्न | जवाफ कर्ता | जवाफ |
|---|---|---|---|---|---|
| ४ | दिलाराम शर्मा | चौरजहारी नगरपालिका १३ | वर्ग पहिचान गरी शिक्षालाई नि:शुल्क बनाउने कुरालाई नगरपालिकाले कसरी लिएको छ ? | नगर प्रमुख | निशुल्क शिक्षाको प्रत्याभूतिका लागि कमजोर वर्गको उत्थान गर्न शिक्षामा वर्गीय आधारमा प्रोत्साहनका कार्यक्रम ल्याइनेछ। |
| ५ | यज्ञबहादुर ओली | चौरजहारी ११ | पशुमा देखिएको लम्पिस्कीन रोग नियन्त्रणका लागि किन पहल भएन ? | नगर प्रमुख | वडागत रुपमा पशु सेवाका प्राविधिकहरूलाई जिम्मेवारी तोकी परिचालन गरिएको छ । महामारी भएकाले नियन्त्रणमा लिन केही कठिनाइ अवश्य छ। |
| ६ | लालबहादुर विष्ट | चौरजहारी नगरपालिका १३ | सार्वजनिक सुनुवाइ प्रत्येक वडामा भएको भए राम्रो हुन्थ्यो। | प्रमुख प्रशासकीय अधिकृत | समय व्यवस्थापन गर्न नसेकेर वडाहरू मिलाएर सार्वजनिक सुनुवाइ गरियो । आगामी दिनमा यसलाई सुधार गरेर वडागत रुपमा हुने व्यवस्था मिलाइनेछ। |

चौरजहारी नगरपालिका

| क्र.स. | प्रश्नकर्ता | ठेगाना | प्रश्न | जवाफ कर्ता | जवाफ |
|---|---|---|---|---|---|
| ७ | कृष्णबहादुर ओली | चौरजहारी ११ | शिक्षण पेसाप्रति आकर्षण घट्दो छ। शिक्षकलाई अपमानित भएको महसुस छ। यस्तो अवस्था किन भएको होला ? | प्रमुख प्रशासकीय अधिकृत | सर्वप्रथम त सबैले आ आफ्नो पेसाप्रति गर्व गर्नुपर्छ। आफ्नै जिम्मेवारीमा राम्रो गर्ने प्रयत्न गर्दै रमाउन सिक्नुपर्छ। नगरपालिकाले शिक्षक र कर्मचारीलाई पुरस्कार र दण्डको नीति लिएको छ। राम्रो काम गरे आफैं सम्मानित भइन्छ। |
| ८ | भरत विक | चौरजहारी १० | जहारी क्याम्पसको भौतिक पूर्वाधार निर्माणमा नगरपालिकाबाट किन बजेट विनियोजन हुदैन ? | नगर प्रमुख | स्थानीय तहको क्षेत्राधिकारमा आधारभूत र माध्यमिक तहको शिक्षा रहेकोले प्राथमिकतामा उक्त तहहरू छन्। बजेट व्यवस्था भएमा क्याम्पसहरूको पूर्वाधार निर्माणमा पनि लगानी हुन्छ। |
| ९ | विनोदकुमार शर्मा | चौरजहारी १२ | नगर शिक्षकलाई किन विषयगत रुपमा तलब फरक बनायो ? | नगर प्रमुख | सबै विषयको आ आफ्नो महत्व छ। गणित, अङ्ग्रेजी र विज्ञान विषय पढाउने शिक्षकलाई मात्र नभएर सबैलाई समान हुने गरी तलब व्यवस्था गरिनेछ। |
| १० | कृष्णप्रसाद जैसी | चौरजहारी १२ | शिक्षकलाई नगरपालिकाले सेवा सुविधा थप किन भएन ? | नगर प्रमुख | बजेट थोरै आवश्यकता धेरै बिचको तालमेल मिलाउन चुनौती छ। शिक्षकलाई थप सेवा सुविधा थप गर्न प्रयासरत छौं। |

चौरजहारी नगरपालिका

| क्र.स. | प्रश्नकर्ता | ठेगाना | प्रश्न | जवाफ कर्ता | जवाफ |
|---|---|---|---|---|---|
| ११ | भीमबहादुर ओली | चौ.न.पा.-११ | शिक्षाको गुणस्तर सुधारका लागि नगरपालिकाले कस्तो नीति लिन्छ ? | नगर प्रमुख | पूर्वाधार विकास, जनशक्ति विकास, क्षमता विकास, प्रभावकारी अनुमगन मूल्याङ्कनको व्यवस्था मिलाउने नीति लिइनेछ। |
| १२ | सुदास स्वर्णकार | चौ.न.पा.-०१ | आवाशीय विद्यालय बनाउने सम्भावना र योजना के छ ? | नगर प्रमुख | हिमालय मावि खोलागाउँ र शीतल मावि चौरजहारीलाई आवाशीय विद्यालय बनाउने गरी प्राथमिकता दिइएको छ। |
| १३ | लालबहादुर कार्की | प्रहरी चौकी सर्केना | सर्केना प्रहरी चौकी ब्यवस्थापन / गाडी र इन्धन नगरपालिकाले गरिदिओस्। | नगर प्रमुख | सम्भव भए जति सुविधा दिदै आएको र निरन्तरता दिइने। |
| १४ | इन्द्रे गिरी | १ नं. वडा अध्यक्ष | वडा कार्यालयलाई व्यवस्थित बन्न सकेन किन ? | नगर प्रमुख | निर्माण कार्य भर्खर सम्पन्न भएको छ। आधारभूत सामग्रीको व्यवस्था गरी सेवा सुचारु गर्ने र आगामी आवमा थप व्यवस्थित गर्ने। |
| १५ | वीरबहादुर राना | २ नं. वडा अध्यक्ष | वडा कार्यालयलाई किन वालुवा, ढुङ्गा, गिट्टीको राजश्व सङ्कलन गर्न नदिएको ? | प्रमुख प्रशासकीय अधिकृत | ढुङ्गा, गिट्टी र बालुवा विभाज्य कोष खातामा जम्मा गरी प्रदेशमा समेत पठाउनुपर्ने भएकोले वडा कार्यालयलाई आन्तरिक राजश्वमा जम्मा हुने शीर्षकमा मात्र उठाउने अधिकार छ त्यसैले वडा कार्यालयलाई उक्त जिम्मेवारी नदिएको हो। |

चौरजहारी नगरपालिका

| क्र.स. | प्रश्नकर्ता | ठेगाना | प्रश्न | जवाफ कर्ता | जवाफ |
|---|---|---|---|---|---|
| १६ | थलबहादुर कुवर | १४ नं. वडा अध्यक्ष | विद्युत विस्तारका लागि १४ नं. वडाको लागि किन पहल भएन ? | नगर प्रमुख | विद्युत विस्तारका लागि नेपाल विद्युत प्राधिकरणसँग पहल भइरहेको छ। काम भइरहेको छ। पूर्णता पाउँछ। |
| १७ | कमला पोखरेल | चौरजहारी ३ | एकल महिलाका लागि नगरपालिकाले के गर्यो ? | नगर प्रमुख | महिला आयआर्जन लगायतका कार्यक्रम सञ्चालन गरिएको। आउँदो वर्ष एकल महिलाका लागि ठोस गरेर ल्याइनेछ। |
| १८ | अतिराम ओली | नेकपा एमाले चौरजहारी अध्यक्ष | मालपोत कार्यालय नापी कार्यालय चौरजहारीमा स्थापना गर्न किन पहल भएन ? | नगर प्रमुख | जनताको प्रत्यक्ष सेवा जोडिएका कार्यालय हुन् । यी कार्यालय स्थापनाको पहल भइरहेको छ। थप परिणाम निस्कने गरी पहल हुनेछ। |
| १९ | लक्ष्मण ओली | नेपाली काँग्रेस चौरजहारी नगर समिति सचिव | जनप्रतिनिधिले के कति सेवा सुविधा लिनु भएको छ ? | नगर प्रमुख | कर्णाली प्रदेशको पदाधिकारीहरूको सेवा सुविधा सम्बन्धी मापदण्डले तोकेबमोजिमको सेवा सुविधा पाउने गरेको । बजेटको प्राप्त नहुदा त्यो पनि नियमित हुन नसकेको। |
| २० | प्रेमबहादुर ओली | नेपाली काँग्रेस सभापति चौरजहारी नगरपालिका | राजश्व उठाए वापत जनताले के पाए ? शिक्षकलाई अन्यत्र विद्यालयमा पूर्वाग्रही | नगर प्रमुख | राजश्व सरकारको मुख्य आम्दानीको स्रोत हो । राजश्व बिना सरकार सञ्चालन र विकास सम्भव छैन। राजश्वको दायरा फराकिलो र चुहावत नियन्त्रण गर्दा नै आज बजेटको आकार बढ्दै गएको छ। प्रत्येक स्थानीय तहमा बजेट प्राप्त हुने अवस्था सुनिश्चित भएसँगै जनताका |

चौरजहारी नगरपालिका

| क्र.स. | प्रश्नकर्ता | ठेगाना | प्रश्न | जवाफ कर्ता | जवाफ |
|---|---|---|---|---|---|
| | | | रुपमा कामकाजमा किन खटाइएको ? | | आधारभूत आवश्यकता परिपूर्ति र विकासले गति पाएको छ । विषयगत शिक्षकको आवश्यकता परिपूर्ति तथा कतिपयको सन्दर्भमा प्रधानाध्यापकको जिम्मेवारी समेत दिनका लागि शिक्षकलाई अर्को व्यवस्था नहुदासम्मका लागि कामकाजमा खटाइएको हो । यसमा कुनै पूर्वाग्रह होइन । समग्र शैक्षिक अवस्थाको सुधारसँग जोडिएको कुरा हो । |
| २१ | ईन्द्रलाल शर्मा | चौरजहारी ७ | उत्पादित वस्तुको बजारीकरणका लागि चौरजहारी नगरपालिकाको योजना के छ ? | नगर प्रमुख | पशु ढुवानीका लागि सवारी साधन खरिद गरिएको छ । मुख्य बजारका क्षेत्रमा सम्झौता गरी नियमित आपूर्तिको पहल भइरहेको छ । |
| २२ | गोपालप्रसाद रेग्मी | पत्रकार | सञ्चार क्षेत्रको विकासका लागि चौरजहारी नगरपालिकाले के गर्यो ? | नगर प्रमुख | कार्यकम उत्पादन र प्रशारणका लागि साझेदारी गरिएको छ । एफ एम रेडियोहरूको पूर्वाधार विकास तथा पत्रकारहरूको क्षमता विकासका कार्यक्रमलाई पनि आत्मसात गरिएको छ । |

चौरजहारी नगरपालिका

## ५. निष्कर्ष

चौरजहारी नगरपालिकाको काम कारबाही, सेवा प्रबाह, योजना एवम् कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्वन्धित सेवा प्रदायक र सेवाग्राही बीच साक्षात्कार गर्न  सार्वजनिक सुनुवाइ कार्यक्रम प्रभावकारी भयो । नागरिकहरूले खानेपानीको समस्या, पर्यटन क्षेत्रको पवर्धन, संरक्षण र विकास, सडक निर्माण, पशु बिमा, कृषि कार्यक्रम, रिङ रोड निर्माण, पञ्चवर्षीय  रणनीतिक योजनाको सार्वजनिक, खेलकुद, पुराना भवनहरुको व्वस्थापन, नगरपालिकाको डोजर प्रयोग, नगर बस सञ्चालन लगाएतका विषयमा प्रश्न तथा सुझाव पेस भएका छन् । चौरजहारीका नगर स्तरीय राजनैतिक दलका प्रतिनिधिहरू, सञ्चारकर्मीहरू तथा न निर्वाचित प्रतिनिधिहरूको उपस्थितिमा सञ्चालन गरिएको सार्वजनिक सुनुवाइमा स्थानीय नागरिकहरूको उल्लेख्य सहभागीता रहेको थियो । सार्वजनिक सुनुवाइ कार्यक्रममा सहभागी सर्वसाधारणहरूले प्रश्नकर्ता नागरिकहरूले राज्यले सरकारी क्षेत्रमा लगानी गर्ने तर राम्रो प्रतिफल नआइरहेको सन्दर्भमा विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाहमा समेत प्रभावकारी कार्यहरू गर्नुपर्ने बताएका थिए । नियमित रूपमा सार्वजनिक सुनुवाइ गर्न सके विकास  निर्माणमा पारदर्शीता र जवाफदेहिता वृद्धि हुने देखिन्छ । चौरजहारी नगरपालिकाका मेयर, उपमेयर, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरू सहितको सहभागीता रहेबाट पनि सार्वजनिक सुनुवाइ फलदायी भयो । सरोकारवालहरूको व्यापक सहभागितामा सार्वजनिक सुनुवाइ नियमित गर्न सके सार्वजनिक सुनुवाइको प्रभावकारीता अझै बढ्ने देखिन्छ ।

चौरजहारी नगरपालिका